नेपाल सरकार
कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# भूमि व्यवस्थापन तथा अभिलेख विभाग
(राजश्व तिरो शाखा)

फयाक्स नं. ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९८२
निर्देशक योजना: ४२२६९८८
क.प्र.शाखा: ४२६६४९३
आ.प्र.शाखा: ४२६६४९३
पिए शाखा ४२२००२८
Email: info@dolrm.gov.np

बबरमहल, काठमाण्डौ

प.सं. २०७५/७६(रा.ति.)०३
च.नं. : ९६

मिति:- २०७५/०४/०८

विषय :-रजिष्ट्रेशन दस्तुर छुट सिफारिस सम्वन्धमा ।

श्री मालपोत कार्यालय,
सबै ।

प्रस्तुत विषयमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको प.सं.०७४/७५ (सहकारी) च.नं. ४९८ मिति २०७५/०३/२९ को पत्रवाट "मालपोत कार्यालय टिकापुर, कैलालीको च.नं. ६०९४ मिति २०७५/०२/०७ को महिला जागरण बहुउद्देश्यीय सहकारी संस्था लि. टिकापुर, कैलालिले खरिद गर्न लागेको जग्गाको रजिष्ट्रेशन दस्तुर छुट सिफारिस सम्वन्धी टिकापुर नगरपालिकाको सिफारिस पत्रको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन मिल्ने नमिल्ने विषयमा सहकारी विभागलाइ लेखिएको पत्रका सम्वन्धमा देहाय वमोजिम परिपत्र हुन नेपाल सरकार ( सचिवस्तर) वाट मिति २०७५/०३/२७ मा निर्णय भएकोले सोही वमोजिम सवै मालपोत कार्यालयहरुलाई परिपत्र गरिदिन निर्णयानुसार अनुरोध छ" भनि लेखि आएको हुँदा तपसिल वमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

तपसिल :-

१. सहकारी संघ संस्थाले जग्गा जमिन लगायत अचल सम्पत्ती खरिद गर्दारजिष्ट्रेशन दस्तुर छुटको सिफारिस सहकारी संस्थाको कार्यक्षेत्रको आधारमा स्थानीय तह, प्रदेश सरकार र सहकारी विभागवाट लिने ।
२. संघीय सरकारवाट जारी भएको आर्थिक विधेयक २०७४ को अनुसूचि ४ मा भएको घर जग्गा रजिष्ट्रेशन दस्तुर छुट सम्वन्धी व्यवस्था संघीय आर्थिक विधेयक २०७५ मा नभएको हुँदा सम्वन्धित प्रदेश सरकारवाट जारी भएको आर्थिक विधेयकको आधारमा मात्र त्यस्तो छुट दिने ।

शाखा अधिकृत

**बोधार्थ :**
श्री सहकारी विभाग
नयाँ वानेश्वर, काठमाण्डौ ।